# घोराही उपमहानगरपालिका स्तरीय

## आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०८१

**कक्षा : ८** **पूर्णाङ्क : ५०**

**विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **समय : २ घण्टा**

---

### समूह "क"

**अति छोटो उत्तर आउने प्रश्नहरु :** **(९x१=९)**

१) विकास भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

२) रेडक्रस सोसाइटीका संस्थापक को हुन् ?

३) तपाईले तपाईको समुदायमा पैचो गर्ने परम्परालाई के गरेर निरन्तरता दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

४) सुशासन भनेको के हो ? एक वाक्यमा परिचय दिनुहोस् ।

५) दाइजो प्रथा विरुद्ध जनचेतना जगाउने कुनै एउटा आकर्षक नारा तयार गर्नुहोस् ।

६) सामाजिक एकता बलियो बनाउन तपाईले गर्नसक्ने कुनै एउटा कार्य लेख्नुहोस् ।

७) नेपालमा कहिले देखि कागजी मुद्रा प्रचलनमा ल्याइएको हो ?

८) वस्तु विनियम के लाई भनिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९) साइवर अपराध नियन्त्रण गर्ने कुनै एउटा उपाय उल्लेख गर्नुहोस् ।

### समूह "ख"

**छोटो उत्तर आउने प्रश्नहरु :** **(७x३=२१)**

१०) तपाई बसोवास गर्ने प्रदेशको मुख्य तीनवटा आर्थिक गतिविधीहरु लेख्नुहोस् ।

११) परिवारमा उत्पन्न विवादको समाधान गर्ने कुनै तीनवटा उपायहरु लेख्नुहोस् ।

१२) सामाजिक समस्या र विकृतिले समाजमा कस्ता असर पार्दछन् ? कुनै तीनवटाको सूची तयार पार्नुहोस् ।

१३) 'हाम्रा वीर सहिद' पाठको अध्ययन पश्चात तपाईले प्राप्त गरेको कुनै तीनवटा प्रेरणा उल्लेख गर्नुहोस् ।

१४) जलवायु परिवर्तन भनेको के हो ? यसका कुनै दुईवटा कारक तत्वहरु उल्लेख गर्नुहोस् ।

१५) जनसंख्या परिवर्तनमा कुनै तीनवटा निर्धारक तत्वहरुको सूची बनाउनुहोस् ।

१६) नेपालको विकासमा संयक्त राष्ट्र संघले पुऱ्याएका कुनै तीनवटा योगदानहरु उल्लेख गर्नुहोस् ।

## समूह "ग"

**लामो उत्तर आउने प्रश्नहरु :** **(४x५=२०)**

१७) संघीय संसदबाट कानुन बन्ने प्रकृया समावेश गरी सम्वाद तयार गर्नुहोस् ।

१८) पुनर्जागरण भनेको के हो ? पुनर्जागरणले विश्वमा पारेका प्रभावको वर्णन गर्नुहोस् ।

१९) नेपालमा पर्यटन क्षेत्रका के कस्ता समस्याहरु रहेका छन् ? ति समस्या समाधानका उपायहरु लेख्नुहोस् ।

२०) पृष्ठ भरिको नेपालको नक्सा बनाई निम्न तथ्यहरुलाई उपयुक्त संकेतले नक्सामा देखाउनुहोस् ।

क) लुम्बिनी ख) सगरमाथा

**समाप्त**